त्रिभुवन विश्वविद्यालय

# शिक्षाशास्त्र संकाय

## परीक्षा नियन्त्रण महाशाखा

बल्खु, काठमाडौं, नेपाल

मिति २०८१।०९।२९

**स्नातकोत्तर तह दोस्रो सत्रान्त (M.Ed. and MSSEd 2nd Semester) को छुट परीक्षा फाराम भर्ने/भराउने सम्बन्धी सूचना**

यही २०८१ साल माघ महिनामा सञ्चालन हुने शिक्षाशास्त्र सङ्कायअन्तर्गत सेमेस्टर प्रणालीमा आधारित स्नातकोत्तर तह (M.Ed. and MSSEd) दोस्रो सेमेस्टर (खुल्ला तथा दूर सिकाइ समेत) को नियमित तथा आंशिक/मौका परीक्षाको परीक्षा आवेदन फाराम भर्न छूट भएका विद्यार्थीहरूका लागि आ-आफ्नो क्याम्पसमा सम्पर्क गरी परीक्षा आवेदन फाराम अनलाइन (Online) मार्फत भर्ने/भराउने प्रयोजनका लागि दोब्बर शुल्कमा **मिति २०८१ माघ २ गते देखि ४ गते वेलुका ५:०० बजेसम्म** अनलाईन परीक्षा फारम भर्ने व्यवस्था गरिएको हुँदा सम्बन्धित सबैलाई सूचित गरिन्छ । साथै सबै सम्बन्धित क्याम्पसहरुले त्रुटीपूर्ण आवेदन फाराम समेत सोही समयावधि भित्र सच्याउन हुन समेत सूचित गरिएको छ । फाराम वापत संकलित शुल्क यही **२०८१ साल माघ ५** गतेसम्ममा यस संकायको बैंक खातामा जम्मा गरेको सक्कल भौचरको स्क्यान कपी अप्लोड् गरी आ-आफ्ना क्याम्पसका विद्यार्थीहरुले भरेको अनलाइन परीक्षा फारम **२०८१ साल माघ ५ गतेसम्ममा** रुजु र प्रमाणित (Verify) गरिसक्नु पर्नेछ । साथै परीक्षा फारम भर्ने विषयगत कुल विद्यार्थी संख्या उल्लेख गरी क्याम्पसको पत्र र भौचरको स्क्यान कपी समेत परीक्षा नियन्त्रण महाशाखामा इमेल (tufoedu@gmail.com) गर्नुपर्ने छ ।

**पुनश्च:**

- विद्यार्थीहरुले यस संकायको वेभसाइट: tufoe.edu.np को online मा गई नियमित तथा आंशिक/मौका परीक्षाका लागि विद्यार्थीहरुले त्रि.वि. रजिष्ट्रेशन नम्बरमार्फत मात्र अनलाइन परीक्षा आवेदन फारम भर्न सक्नेछन् । सम्बन्धित क्याम्पस/कलेज/विभागले आ-आफ्ना क्याम्पसका विद्यार्थीहरुलाई भौतिक रुपमा समेत परीक्षा फाराम भराउनु पर्नेछ । सम्बन्धित क्याम्पसमा भौतिक परीक्षा आवेदन फाराम नपुगेको भएमा यस संकायको वेभसाइटबाट समेत डाउनलोड गर्न सकिनेछ ।
- २०६९ देखि २०७५ ब्याचका विद्यार्थीहरूले मौका परीक्षाको फाराम भर्न पाउनेछन् ।
- परीक्षा आवेदन फारमवापत नियमित तथा आंशिक परीक्षाका लागि फारम शुल्क प्रति विद्यार्थी रु. १५००।- (एक हजार पाँचसय रुपैयाँ) तथा ODL/ICTE/MSSEd को हकमा प्रति विद्यार्थी रु.२५००।- (दुई हजार पाँचसय रुपैयाँ) लाग्नेछ । जुन विद्यार्थीहरुले सम्बन्धित क्याम्पसमार्फत बुझाउनु पर्नेछ ।
- विद्यार्थीहरुले परीक्षा फारममा विवरण भर्दा शुद्धसँग भर्नुपर्नेछ । Online form भर्दा कुनै समस्या भएमा सम्बन्धित क्याम्पसमा सम्पर्क गर्नुपर्नेछ ।
- क्याम्पस तथा कलेजको परीक्षा शाखाले विद्यार्थीहरुले प्राप्त गरेको आन्तरिक मूल्यांकनको अंक अनलाइन परीक्षा फारममा प्रविष्ट (Entry) गर्नुपर्नेछ । साथै विद्यार्थीहरुको आन्तरिक मूल्यांकन अंकको प्रमाणित विवरण, हाजिरी विवरण (न्यूनत्तम ८०% हाजिर हुनपर्ने) संलग्न गरी विद्यार्थीहरुले भरेको भौतिक परीक्षा आवेदन फाराममा तोकिएको ठाउँमा आन्तरिक मूल्यांकन अंक प्रविष्ट गर्नुका साथै आधिकारिक दस्तखत र क्याम्पसको छाप राखी डीन कार्यालयको परीक्षा नियन्त्रण महाशाखामा बुझाउनु पर्नेछ ।
- अनलाइन परीक्षा फारममा विद्यार्थीहरुले पासपोर्ट साइजको स्पष्ट अनुहार देखिने हालसालै खिचेको फोटो अप्लोड् गर्नुपर्नेछ । यदि विद्यार्थीले अप्लोड गरेको फोटो अस्पष्ट भएमा आवेदन फाराम अस्वीकृत हुनेछ ।
- अनलाइन परीक्षा फारममा आवेदक विद्यार्थीले तोकिएको ठाउँमा दस्तखत, तोकिएको साइजको फोटो र स्थानान्तर पत्र (अन्य क्याम्पसबाट स्थानान्तर भइ अध्ययनरत विद्यार्थीको हकमा) आदि अपलोड् गर्नुपर्नेछ ।
- यदि परीक्षा फारममा उल्लिखित रीत पूरा नभई आएमा उक्त परीक्षा फारम रद्द हुनेछ ।

सहायक डीन